जागरण नेपाल इ-बुलेटिन
महिला अधिकार, शान्ति र सुशासनका लागि जागरण नेपाल



इ–बुलेटिन १०९ भाग (असार १, २०७३),"नेपाल सरकारका नीति तथा कार्यक्रम (आ.ब २०७३/७४) र वार्षिक बजेटमा महिला तथा सिमान्तिकृत समुदायको अवस्थाः एक विश्लेषण"

# नेपाल सरकारका नीति तथा कार्यक्रम (आ.ब २०७३/७४) र वार्षिक बजेटमा महिला तथा सिमान्तिकृत समुदायको अवस्थाः एक विश्लेषण

## पृष्ठभूमि

सरकारले एक वर्ष भित्र प्राथमिकता साथ लागु गर्ने नीति र संचालन गर्ने प्रमुख कार्यक्रमहरुलाई सरकारको नीति तथा कार्यक्रमको रुपमा बिधायिका संसदमा स्वीकृतिका लागि पेश गर्ने गर्दछ । जनताका प्रतिनिधिहरुको बहुमतले पारित भएपछि यो सरकारी नीति र कार्यक्रमको रुपमा आउछ र यसै अनुरुप बजेटको तयारी गर्दछ । सरकारले आप्mना नीति तथा कार्यक्रम संसद मार्फत सार्वजनिक गर्दछ र आम जनता समक्ष प्रतिवद्धता जाहेर गर्दछ । सरकारी नीति तथा कार्यक्रममा वर्षभरीमा गर्नुपर्ने महत्वपूर्ण प्राथमिकताका विषयहरुलाई समेटी तय गरिन्छन् । यसै क्रममा आर्थिक वर्ष २०७३÷०७४को लागि हालैमात्र राष्ट्रपति विद्यादेवी भण्डारीद्वार १ सय ३८ बँुदे सरकारी नीति तथा कार्यक्रम सार्वजनिक भई संसदवाट स्वीकृत समेत भइसकेको अवस्था छ । नीति तथा कार्यक्रम मार्फत सरकारले आगामी आर्थिक वर्ष समृद्धितर्फको प्रस्थान वर्ष हुने र आगामी पाँच वर्ष विकास अवधि रहने लक्ष्य राखेको छ । संविधान कार्यान्वयन, भूकम्प पछिको पुनर्निर्माण, स्थानिय निकायको निर्वाचन, पूर्वाधार विकासका ठूला परियोजनालाई विशेष प्राथमिकता सहित आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम प्रस्तुत गरेको छ । आफ्नो गाउँ आफै बनाऔँ, युवा स्वरोजगार, राष्ट्रपति महिला उत्थान, जनता आवास, समृद्ध तराई मधेस सिँचाइ विकास, तराई मधेस खानेपानी सुधार जस्ता कार्यक्रमहरु नीति तथा कार्यक्रममा समेटिएका छन् । आगामी १५ वर्षमा देशलाई मध्यम आय भएका मुलुकहरुको वर्गमा

# जागरण नेपालका गतिविधिहरु

### पुस्तकालय निर्माण कार्य सम्पन्न

भुकम्प प्रभावित जिल्लाहरु मध्येको एक खोटाङ्ग जिल्लाको हौचुर गाविस अन्तरगत श्री सारदा माध्यामिक विद्यालयको लागि ग्लोवल फण्ड फर वुमनको आर्थिक सहयोग र जागरण नेपालको कार्यान्वयनमा पुस्तकालय भवन निर्माण सम्पन्न भएको छ । जिल्लाको उक्त दुर्गम गाउको विद्यालयमा अध्ययनरत विद्यार्थीहरुलाई आवश्यक विविध विषयको जानकारी लिन सहज भई समसामयीक सवालहरुमा आफ्ना विचारहरु प्रष्टसंग राख्न र फुर्सदको समयमा भविष्यका कर्णधार विद्यार्थीहरुमा पढ्ने बानीको विकास गर्ने उद्देश्यले उक्त पुस्ताकालयको निर्माण गरिएको हो ।



*(खोटाङ्ग जिल्लाको हौचुर गाविसमा निर्माण गरिएको पुस्तकालय भवन)*

सारदा माध्यामीक विद्यालयका ५०० विद्यार्थीहरुको लागि प्रत्यक्ष लाभहुने गरी निर्मित उक्त पुस्तकालय भवनको बाह्यि निर्माण कार्य सम्पन्न भई हाल अन्तिम सजावट चरणमा पुगेको छ । उक्त विद्यालय भवनको सम्पूर्ण निर्माण पश्चात पाठ्य सामाग्रीहरु उपलब्ध गराइ

पुर्याउने सरकारी अठोट छ । सरकारले भूकम्पपछिको पूनर्निर्माणलाई प्राथकितामा राख्दै क्षतिग्रस्त सबै निजी घरहरु दूई वर्ष भित्र पुनर्निर्माण गर्न आवश्यक अनुदान पाउन योग्य सबैलाई अनुदान र सहुलियतपूर्ण ऋण उपलब्ध गराउने घोषणा गरेको छ । घर निर्माणका विनाधितो दुई लाख अनुदान दिने पूर्ववर्ती कार्यक्रममा विना धितो थप तीन लाख रुपैयाँ बैंक ऋण उपलब्ध गराउने कार्यक्रम छ । भूकम्प प्रभावित क्षेत्रबाट एक घर एक रोजगारी कार्यक्रम सञ्चालन गर्ने घोषणा छ । काठमाडौँ–तराई द्रुत मार्गको निर्माणको काम सरकारी कोषबाटै थाल्ने, पूर्व–पश्चिम राजमार्गको काकरभिट्टा–बुटवल खण्डलाई चार लेनको दुरतमार्गमा बनाउने,सेती महाकाली राजमार्ग लगायत उत्तरदक्षिण सिमाका व्यापारिक नाका जोड्न सडक निर्माणलाई प्राथमिकतामा राख्दै सरकारले काठमाडौंको चक्रपथ भित्रका सबै सडक एक वर्षमा कालोपत्रे गर्ने घोषणा गरेको छ ।

प्रत्येक प्रदेशमा एक सरकारी मेडिकल कलेज स्थापना,एक गाउँ एक स्मार्ट सिटि, कक्षा १२ सम्म अनिवार्य शिक्षा क्रमश निशुल्क गरिने र दलितलाई निःशुल्क विद्यालय तहको शिक्षा, ज्येष्ठ नागरिक स्वास्थ्य बिमा कार्यक्रम, सामाजिक सुरक्षा भत्तामा बृद्धि, स्वाथ्य बीमा कार्यक्रम, वृद्धवृद्धाका लागि दिवा सेवा केन्द्र स्थापना दश युवा एक युवा उद्यम कार्यक्रम, उज्यालो नेपाल समृद्ध नेपाल अभियान, धुवाँमुक्त स्वच्छ र उज्यालो घर कार्यक्रम, प्रत्येक प्रदेश एक रंगशाला, प्रत्येक प्रदेशमा एक निजामति सेवा अस्पताल, स्वदेशी लगानीमै काठमाडौ निजगढ फास्ट ट्याक, एक प्रदेश एक अन्तराष्ट्रिय विमानस्थल, एक गाविस एक हेलिप्याड, हरेक प्रदेशमा ९० दिनको माग धान्ने पेट्रोलियम भण्डारण, चिनसंगका सम्झौता कार्यान्वयन प्राथमिकतामा, शैक्षिक प्रमाणपत्र राखेर परियोजना अनुसार कृण, कर्मचारीहरुमा अनुमानयोग्य सरुवा प्रणाली, संसद कोषको रकम बृद्धि, सरकारी भुक्तनी अनलाइन प्रणालीबाट, एक वर्षमा आधारभूभ रुपमा दुई वर्षमा माग अनुसार बिजुली, रसुवा काठमाडौ पोखरा लुम्बिनी रेलमार्ग विस्तृत परियोजना अध्यन पर दुई वर्ष भित्र सम्पन्न गर्ने, मुख्य खाद्यवस्तुहरुमा दुई वर्षमा आत्मनिर्भर हुनेगरी लगानी बढाउने र खाद्य सुरक्षा हासिल गर्ने लक्ष्य सार्जजनिक गरेको छ । किसानहरुकै सहभागितामा सामाजिक सुरक्षा कोष खडा गरी क्रमश उनीहरुलाई सामाजिक सुक्षाको दायरामा ल्याउने सरकारी नीति छ । देशमा पहिलो पटक राष्ट्राध्यक्ष, प्रधानन्यायाधीश र सभामुख महिला भएका बेला सरकारले 'राष्ट्रपति महिला उत्थान कार्यक्रम' सञ्चालन गर्ने घोषणा पनि गरेको छ । 'महिलाहरुको हक अधिकार सुनिश्चित गर्दै राष्ट्र निर्माणको प्रत्येक तहमा समाज सहभागिता सुनिश्चित गराउन, नेपाली महिलाको आर्थिक उन्नति र प्रतिष्ठा तथा सम्मान प्रवद्र्धन गर्न' यस्तो कार्यक्रम आएको हो ।

## आर्थिक वर्ष २०७३/७४ को वार्षिक बजेट

पुस्तकालय विद्यालयलाइ हस्तान्तरण गर्ने कार्यक्रम रहेको छ ।

## काभ्रे जिल्लामा निर्माणधिन सामुदयीक भवनको अनुगमन



*(निर्माणाधिन सामुदायीक भवनको निर्माण स्थलको अनुगमन गर्दै जागरण नेपालका अध्यक्ष शर्मीला कार्की लगायत टिम, काभ्रे)*

Fondation De France को आर्थिक सहयोग तथा जागरण नेपालको सक्रियतामा काभ्रे जिल्लाको महादेवस्थान गा.वि.स. बडा नं. ५ मा सामुदायिक भवन निर्माण सुरु गरिएको छ । भवन निर्माणका लागी आवश्यक जमिन सम्याउने काम भै सकेको छ । करिब १०० जना क्षमताको उतm भवन मुख्य रुपमा दैवी प्रकोपकवाट हुने विपत व्यवस्थापन समयमा आश्रय लिन समुदायका नागरिकहरुलाई सहज होस् भन्ने उद्देश्यले उक्त भवनको निर्माण गर्न लागिएको छ । भवनको स्वामित्व स्थानीय महिला समुहहरुकै रहने गरी ब्यवस्थापन गरी समुहहरुद्वारा संचालन गरिने विभिन्न सामाजिक गतिविधीहरु उक्त भवनमै गरिने छन ।

## महिलाको समावेशी सहभागिता आजको आवश्यकता विषयमा अन्तरक्रिया कार्यक्रम सम्पन्न

जागरण नेपालको आयोजनामा सुनसरी जिल्लाको सोनापुर, सिंघिया गाविसमा महिलाको समावेशी र अर्थपूर्ण सहभागिता आजको आवश्यकता विषयमा अन्तरक्रिया

सरकारले प्रस्तुत गरेको नीति तथा कार्यक्रमका आधारमा प्रत्येक वर्षको बार्षिक बजेट निर्धारण हुने गर्दछ । यसै अनुसार नेपाल सरकारका अर्थमन्त्री विष्णुप्रसाद पौडेलले गत जेठ १५ गते व्यवस्थापिका संसदमा आर्थिक वर्ष २०७३/७४ को वार्षिक बजेट आर्थिक बृद्धिदर ६.५ प्रतिशत पुर्याउने लक्ष्यका साथ कुल १० खर्ब ४८ अर्ब, ९२ करोड १३ लाख ५४ हजार रुपैयाको बजेट प्रस्तुत गर्नुभयो । आर्थिक वर्ष २०७३/७४ को राजस्व र व्ययको अनुमान प्रस्तुत गर्दै अर्थमन्त्री पौडेलले एक आपसमा अन्तर्सवन्धित बनाएर तय गरिएको यस बजेटले निर्धारित उद्देश्य र तिनबाट हुने प्राप्तिबाट सामाजिक न्याय सहितको समृद्ध नेपाल निर्माणको लागि सहयोगी हुने समेत स्पष्ट पार्नु भएको थियो । जसमा चालुतर्फ ६ खर्व १७ अर्व १६ करोड ४३ लाख अर्थात ५८.९%, पँुजिगत तर्फ ३ खर्व ११ अर्ब ९४ करोड ६३ लाख २५ हजार अर्थात २९.७% रहेको छ । त्यसैगरी वित्तिय व्यवस्थापन तर्फ रु. १ खर्व १९ अर्व ८१ करोड ९ लाख अर्थात १४.४% विनियोजन गरिएको छ । बजेटको यो खर्च अनुमान चालु आर्थिक वर्ष २०७२/०७३ को तुलनामा ४९.६ प्रतिशत बढी हो ।

बजेटमा पुनर्निर्माणमा १८२ अर्ब, शिक्षामा ११६ अर्ब, कृषिमा २७.४३ अर्ब, पर्यटनमा ५ अर्ब, स्वास्थ्यमा ४०.५६ अर्ब, पुर्वाधारमा ७९.१८ अर्ब र कर्मचारीको तलबमा २५ प्रतिशत बजेट बाँडफाँड गरिएको छ ।

## बजेटमा महिला तथा सिमान्तिकृत समुदायको अवस्था

आर्थिक वर्ष २०६२/६३ बाट मात्र नेपालमा लैङ्गिक उत्तरदायी बजेटको व्यवस्था गरी औपचारिक रुपमै थालनी गरिएको हो । उक्त बजेटलाई संस्थागत गर्न अर्थ मन्त्रालयमा एक लैङ्गिक उत्तरदायी बजेट समितिको गठन भई कार्य संचालन भई रहेको छ, जसले गर्दा राष्ट्रिय बजेटमा महिलामुखी कार्यक्रमहरुले अझ बढी प्राथमिकता पाई महिलाको समग्र विकासमा योगदान पुगेको छ । आर्थिक वर्ष २०७०/७१ को बजेटमा महिलाका लागि छुट्याइएको रकम जम्मा १९ प्रतिशत रहेको थियो । आर्थिक वर्ष २०७१/०७२ मा २१ प्रतिशत रकम महिलाहरुका लागि छुट्याइएको थियो भने २०७२ /०७३ मा २२.२७ प्रतिशत बजेट विनियोजन गरियो । यस आर्थिक वार्ष (२०७३/०७४) मा २३.१० प्रतिशत विनियोजन गरिएको छ । कुल बजेट मध्ये रु. २४२३०४७३५ महिलाहरुको लागि प्रत्यक्ष लाभहुने गरी लैगिक बजेटको व्यवस्था भएको छ ।

यसरी हेर्दा वार्षिक बजेटमा महिलाहरुका लागि छुट्याइएको बजेटमा प्रत्येक वर्ष १⁄२ प्रतिशत भएपनि वृद्धि भएको पाइन्छ तर पनि यतिठूलो ५१.५ प्रतिशत महिलाको जनसंख्या भएको अवस्थामा विनियोजन गरिएको बजेट प्रसस्त भने पक्दै होइन । यसको अनुपात अझ बृद्धिगर्नु आवश्यक छ ।

कार्यक्रम सम्पन्न भएको छ । विभिन्न राजनीतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, विभिन्न संघ संस्था, भगिनी संगठन, सरकारी निकायका प्रतिनिधिहरुको सहभागितामा सम्पन्न उक्त कार्यक्रमको मुख्य उद्देश्य राज्य, राजनीतिक दल तथा तिनिहरुका समितिहरुमा समावेसी र अर्थपूर्ण सहभागीता अवस्थाको बारेमा जानकारी लिदै अब समावेसी र अर्थपूर्ण सहभागीता बढाउनका लागी राज्य र राजनीतिक दलहरुको भुमिकाहरु के रहनु पर्द भन्ने विषयमा जानकारी गराउने उद्धेश्यले उक्त कार्यक्रमको आयोजना गरिएको हो ।



*(छलफल कार्यक्रमका सहभागीहरुःसोनपुर)*

सोनापुर गाविस स्तरमा रहेका संघ, संस्था, सहकारी, सरकारी निकाय, राजनीति दल र बिभिन्ना समितिहरुमा महिलाको वर्तमान सहभागिताको अवस्था कस्तो छ र अब समावेसी र अर्थपूर्ण सहभागिता बढाउन सम्वन्धित निकायको भुमिका कस्तो रहनु पर्छ ? भन्ने विषयमा केन्द्रीय भएर कार्यक्रम संचालन गरिएको थियो ।

दुई समूह बनाएर गरिएको छलफलबाट कुनै समितिमा ३३ प्रतिशत महिला पुर्याइएको तर त्यो पदाधिकारीमा भनइ अन्य पदमा मात्र दिएको, कुनै समितिमा ३३ प्रतिसत भन्दा बढी रहेको तर पदाधिकारीमा नभएको, कुनै समितिमा ३३ प्रतिसत भन्दा कम रहेको र कतै समितिको अध्यक्ष पदमा महिला रहने प्रावधान भए पनि नरहेको अवस्था पाइएको थियो ।

## सामाजिक, आर्थिक क्षेत्रमा महिला तथा सीमान्तिकृत समुदायका लागि भएका अप्रत्यक्ष व्यवस्थाहरु

नेपाल सरकारले महिला तथा सिमान्तकृत समुदायका लागि प्रत्येक वर्ष छुट्टै बजेटको विनियोजन गर्ने गरेको पाइन्छ । प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा छुट्टयाइएको बजेट महिलाहरुका लागि समेत उपयोगी भइरहेको छ । यसै क्रममा महिलाहरुका लागि समेत उपयोगी हुने तथा महिलाहरुले अप्रत्यक्ष लाभ लिन सक्ने विषयहरुलाइ समावेश गरीएका क्षेत्रहरु समेतलाई समेटी विभिन्न बुँदाहरु बजेटको विनियोजन गरिएको छ । अप्रत्य लाभहुने कुल बजेटमा ५०८२०००१५ अर्थात ४८.४५ प्रतिशत छुट्याइएको छ जुन यसप्रकार रहेका छन् ।

- भूकम्पका कारण अर्थतन्त्रमा परेको नकारात्मक प्रभाव कमगर्न पुनर्निमाणलाई नवनिर्माणको अवसरका रुपमा उपयोग गर्ने सोचका साथ राहत, पुनस्र्थापना र पुनर्निमाणलाई प्रथमिततामा रखेको छ ।
- भूकम्पको नमनिर्माण कार्यलाई व्यापक बनाई लगानी बृद्धि, रोजगारी सृजना, उद्यमशिलता विकास र आयआर्जनको माध्यमबाट दीगो र उच्च दरको आर्थिक वृद्धि हाँसिल गर्न विभिन्न कार्यक्रमहरु संचालन गरिने छ ।
- कृषिलाई आधुनिकीकरण गरी बढ्दो बेरोजगारी र ग्रामीण क्षेत्रबाट युवाहरुको पलायन हुने समस्यालाई सम्वोधन गर्दै युवालाई कृषिमा आकर्षित गर्न व्यवसायिक खेतीको लागि अनुदानको व्यवस्था छ । युवाहरुमा पनि कामका लागि विदेश जानेहरुको संख्या नै उच्च रहेको अवस्थामा यस कार्यक्रमले महिला तथा युवतीहरुलाई सहयोग गर्ने देखिन्छ ।
- जीवनको उत्तरार्धमा किसानलाई पेन्सन प्रदान गरिने
- आधुनिक प्रशोधनकेन्द्र , कृषि औजार कारखाना, ठूला गोदार घर र कृषि उत्पादनका लागि ५० प्रतिशत अनुदानको व्यवथा भएको छ । नेपालका कृषि कायमा महिलाको संख्या नै बढी देखिने भएको अवस्थामा यसले पनि महिलाको जीवनस्तर उकास्न मद्धत गर्न सक्छ ।
- आगामी तीन वर्ष भित्र सबै गाउविकास समितिहरुमा विद्युत, सडक, खानेपानी पुर्याउने जसले महिलामा प्रत्यक्ष पर्न सक्ने असर न्यूनीकरण गर्न सहयोग पुग्ने देखिन्छ ।
- पाँच वर्षभित्र पुननिर्माण कार्य सम्पन्न गर्ने ।
- ज्येष्ठ नागरिक भत्तामा दोब्बरले बृद्धि गरेको
- उद्यमशील युवाहरुलाई लगानीको बीउ पूजी उपलब्ध गराउन १ अर्बको च्यालेन्ज फण्डको व्यवस्था गरेको छ ।
- दश युवा एक युवा उद्यम कार्यक्रमलाई सबै निर्वाचनक्षेत्रहरुमा नमुनाका रुपमा संचालन गरीने छ ।
- युवा स्वरोजगार कार्यक्रमको विस्तार गरिने,



*(छलफल कार्यक्रमका सहभागीहरुःसोनपुर)*

सो अवसरमा उपस्थित प्रमुख राजनीतिक दलका नेता तथा प्रतिनिधिहरुले आफ्नो दल र संघ संस्थाहरुमा महिलाको समावेसी र अर्थपूर्ण सहभागिता बढाउन प्रतिवद्धता व्यक्त गर्नुभएको छ । कार्यक्रम संचालन यस परियोजनाकी सामाजिक परिचालक श्री मिना राइले गर्नुभएको थियो भने सहजिकरण भने कार्यक्रम संयोजक प्रतिक्षा बस्नेतले गर्नुका भएको थियो भने सहसभागी हरुलाई स्वागत सामाजिक परिचालक मीना राईले गर्नु भएको थियो ।

## पहिलो त्रैमासिक बैठक सम्पन्न

जागरण नेपाल काभ्रेको आयोजनामा काभ्रे जिल्लाका पाँच गा.वि.स. ढुंखर्क, चलाल गणेशस्थान, कलातीभुमिडाडा, महादेवस्थान, चण्डेनी गा.वि.स.हरुमा महिलाहरु विशेषगरी सिमान्तकृत समुदायको स्थानीय सुशासन, निर्वाचन, निर्णायक तह र राजनीतिमा सहभागिता सवलिकरण परियोजना अन्तरगत गा.वि.स. स्तरमा विभिन्न राजनैतिक दलका प्रतिनिधि, महिला नेतृ, सामाजिक संघ संघ संस्थाका प्रतिनिधि तथा स्थानीय स्तरका महिलाहरुको सहभागितामा पहिलो त्रैमासिक बैठक सम्पन्न भयो । जागरण नेपालका अध्यक्ष शर्मीला कार्कीको अध्यक्षतामा सम्पन्न उक्त बैठकको उद्देश्य माथि प्रकाश पार्दै जागरण नेपालले संचालन गरेको कार्यक्रमका बारेमा जानकारी गराउदै राजनीतिमा महिला सहभागिताका सवालमा जागरण नेपालले खेलेको भूमिकाका बारेमा जानकारी गराउनु भएको थियो ।

- महिला उद्यमीहरुलाई परियोजनाको आधारमा बिनाधितो सहुिलयत ब्याजदरमा ऋणप्रवाह गर्न उद्यमशीलता विकास कोषमा बृद्धि ।
- तराई मधेस अल्पसंख्यक र उत्पीडित जनताकाागि ल्याइएको सामाजिक सुरक्षाका कार्यक्रमहरुलाई निरन्तरता दिदै पिछडिएका दलित र सिमान्तकृत वर्गका छात्र, छात्राहरुलाई एम ए सम्मको शिक्षा निशुल्क गरिने
- सामाजिक सुरक्षा भत्ताको व्यवस्थालाई निरन्तरता दिइएको छ, जसमा एकल महिला भत्ता, लोपन्मुख समुदायलाई दिइने भत्ता समेत कायम गरिएको छ ।

## महिला तथा सिमान्तिकृतका क्षेत्रमा बजेटले गरेका अन्य व्यवस्थाहरु

- महिलालाई सुरक्षित प्रसुति सेवानिःशुल्क उपलब्ध गराउन सघन (अकस्मीक) प्रसुती सेवा र नवजात शिशु सेवालाई ७५ जिल्लामा विस्तार गरिएको छ । आमा र बच्चाको पोषण सुनिश्चित गर्न सुनौलो हजार दिनलाई अझ प्रभावकारी रुपमा संचालन गरिने छ ।
- महिला स्वास्थ्य स्वयं सेविकाको समाजिक योगदानको कदर गर्दै उनीहरुलाई प्रदान गरिदै आएको पोशाक खर्चमा बृद्धि,
- सात लाख बालबालिकालाई ११ प्रकारका खोप निःशुल्क लगाइने
- गरिवीको रेखामुनी रहेका नागरिकलाई देशभित्रका सरकारी अस्पतालहरुमा क्यान्सर, मुटु, मृगौला, र कलेजोको उपचार निःशुल्क गर्ने,
- तराई मधेशका २० जिल्लाका नागरिकलाई आर्सेनिक युक्तखानेपानीका कारण पारेको प्रतिकुल असरलाई न्यून गर्न स्वच्छ खानेपानीको व्यवस्था गर्ने,
- महिला सशक्तिकरणका कार्य अगाडि बढाउन राष्ट्रपति महिला उत्थान कार्यक्रम अगाडि बढाउने
- महिलाहरुको व्यवसायीक क्षमता विकासका लागि सीप विकास र अभिमुखीकरण सम्वन्धी तालिम प्रदान गरिने । महिलाहरुमा उद्यमशिलता विकास गरी स्वरोजगारमा लाग्नका लागि सहयोग स्वरुप बीउ पूजी उपलब्ध गराइनेछ ।
- महिलाको स्वामित्वमा आएको घरजग्गा तीन बर्षभित्र बिक्रिगर्दा स्वामीत्व प्राप्त गर्दा स्वामीत्व प्राप्त गर्दा पाएको छुट सुविधाको रकम फिर्ता गर्नुपर्ने व्यवस्था हटाउने,
- घरेलु हिंसा, लैगिक हिंसामा परेका बेवासि महिलाहरुलार्य उद्धार गरी सुरक्षित रुपमा राख्न अल्पकालिन पुनस्र्थापनाकेन्द्रको व्यवस्था गरिने ,



*(गाविस स्तरिय त्रैमासिक वैठकमा सहभागि हुदै जागरण नेपालका अध्यक्ष साथमा स्थानीय महिला नेतृत्वहरु, काभ्रे)*

नीति निर्णायक तहमा महिलाको गाविस स्तरमा सहभागिता बर्तमान अवस्था विशेषगरि सिमान्तकृत समुदायको स्थानिय सुसासन, निर्वाचन, निर्णाक तह र राजनीतिकमा सहभागीताका सवालमा छलफल गर्नका लागि उक्त बैठक संचालन भएको हो । कार्यक्रमका सहभागीहरुले आगामी दिनमा गा.वि.स. स्तरमा रहेका हरेक संघ, सस्था, राजनैतिक दलहरुमा क्रियाशिल तथा सक्रिय सदस्य बढाउन र निर्णयक भूमिका निमार्ण गर्नका लागि जागरण नेपालले खेलेको भूमिका प्रति खुशी व्यक्त गर्दै यस्ता कार्यक्रमले महिला सहभागिताका लागि उत्प्रेरण मिलेको विचार व्यक्त गर्नुभयो । सहभागीहरुले आ आफ्नो गाउ कमिटि तथा जिल्ला कमिटि सहित भातृ संगठनमा समेत महिलाको सहभागिता बढाउनका लागि दवाव दिने तथा आफ्ना सवालहरु उठान गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो । कार्यक्रमको सहजिकरण तथा कार्यक्रमका बारेमा जानकारी जागरण नेपाल जिल्ला परियोजना संयोजक भेषबहादुर दनुवारले गर्नुभएको थियो ।

**थप जानकारीका लागि**
**www.jagarannepal.org**
**मा अवलोकन गरी सल्लाह सुझावका लागि**

- बलबिवाह, दाइजो प्रथाबाट सृजित महिला हिंसा को विरुद्ध किशोरी शिक्षा र सीप विकास कार्यक्रमहरु संचालन गरिने ।
- दलित तथा लोपोन्मुख समुदायका कक्षा १० मा अध्ययनरत छात्राहरुको लागि सौर्य उर्जामा आधारित २५ हजार सौर्य टुकी उपलब्ध गराइने ।
- एक गाउँ एक डाक्टरको व्यवस्था गरिने
- महिलाहरुको पाठेघरको क्यान्सर र मृगौला उपचारको लागि वर्षमा एक पटक जाँच गराउन सरकारी स्वास्थ्य अस्पतालहरुमा निःशुल्क उपचार गरिने

महिला सशक्तिकरण तथा लैङ्गिक समानताका लागि व्यवस्था भएका व्यवस्थाहरु

- महिला सशक्तिकरण कार्यक्रमअन्तरगत महिलामाथि हुने सबे प्रकारका लैङ्गिक हिंसाको अन्त्य गरी आर्थिक तथा सामाजिक रुपले पछाडि परेका विपन्न, एकल, लैङ्गिक हिंसाबाट प्रभावित, प्राकृतिक विपत्तिमा परेका र जेखिममा रहेका महिला तथा किशोरीहरु सरोकारका सवाललाई ध्यानमा राख्दै लक्षित कार्यक्रम संचालन गरिने ।
- अपाङ्गता भएका व्यक्तिलाई फरक प्रकृतिको सीप तथा व्यवसायिक तालिम प्रदान गरिने
- पूर्ण अशक्त, बेसहारा र विपन्न वर्गका अपाङ्गता भएका व्यक्तिहरुको दीर्घकालिन पुनस्थापनाकार्यलाई विस्तार गर्दै लगिने
- सरकारी तथा सार्वजनिक कार्यालय भवनहरु र सार्वजानिक सवारी साधानलाई क्रमशः अपाङ्गमैत्री बनाउँदै लगिने
- बेसहार भएका ज्येष्ठ नागरिहरुलाई संरक्षणको उचित व्यवस्था गरिने
  निष्कर्ष

प्रत्येक बजेटले केही सुधारका कुराहरु घोषणा गर्दै आएको छ तापनि सुधारको वास्तविक अवस्था भने देखिएको छैन । यस आर्थिक वर्षको बजेटले संविधानको कार्यान्वयन, शिथिल बनेको अर्थतन्त्रको पुनरुत्थान, आर्थिक वृद्धि, आन्तरिक र बाह्य क्षेत्रको लगानी प्रवद्र्धन, आर्थिक गतिशीलता वृद्धिमार्फत गरिबी र बेरोजगारी न्यूनीकरण, सामाजिक सुरक्षा र गुणस्तरीय सेवा प्रवाहको उद्देश्य राखेको छ । बजेटका उद्देश्य पूरा गर्न यसैअनुरुप प्राथमिकता क्षेत्र पहिचान भएका छन् । भुकम्पले तहस नहस पारेका संरचनाहरुको पुनर्निर्माणलाई प्राथमिकतामा राख्दै भौतिक पूर्वाधार मुख्य प्राथमिकतामा रहेको छ । सडक सञ्जालको विस्तार, पुर्व पश्चित जोड्ने राजमार्ग निर्माणका लागि धेरै बजेट छुट्याइएको छ । त्यसैगरी बजेटले स्वास्थ्य, शिक्षा, सामाजिक सुरक्षा, जलविद्युत उत्पादन तथा प्रसारण, सडक, विमानस्थल, सिंचाई, कृषि,

**info@jagarannepal.org**
**मा सम्पर्क गर्नुहोला**

उद्योग, पर्याटन, वन,सहरी र स्थानीय पुर्वाधार, सेवा प्रवाह, भ्रष्टाचार नियन्त्रण र शासकिय सुधार जस्ता विषयहरुलाई जोड दिएको छ । सहकारी र सामुदायिक बिकासका कार्यक्रममा महिला सहभागिताको बिषयमा जोड दिइएको छ । प्रत्येक वर्ष सरकारले महिलाहरुका लागि लैगिक मैत्री बजेटको व्यवस्था गर्ने गरेको छ तर त्यो कार्यन्वयनमा त्यती प्रभावकारी बन्न सकेको छैन । यसमा महिला क्षेत्रमा छुट्टयाइने बजेट गरिएको माग अनुसार नभइ एकमुस्ट रुपमा राख्ने गरिन्छ भने दोस्रो यसको कार्यान्वयन पक्ष ज्यादै चुनौतीपूर्ण रहेको छ । महिलाको लागि छुट्याइएको बजेटको सही सदुपयोग नहुँदा महिला तथा सिमान्तिकृत समुदायले पूर्ण राहतको महसुश गर्न सकेका छैनन् । त्यसैले महिलाको समस्यालाई ध्यानमा राखी भौतिक संरचनाहरुको निर्माण आजको आवश्यकता हो । विडम्वनाको कुरा त के छ भने महिलाहरुका लागि छुट्टयाएको बजेटले बाटोघाटो, धारा, बत्ति महिलाले नै बढी प्रयोग गर्छन् र त्यही नै महिला क्षेत्रको वजेट हो भन्ने जस्ता संकुचित र परम्परावादी सोचका कारण बजेटको उचित सदुपयोग हुन सकेको छैन ।

विभिन्न शीर्षकहरुमा वितरण गरिएको कोषको ि सही सदुपयोग मार्फत देशलाई सरकारले मुलुकलाई सन् २०२२ सम्ममा विकासशिल राष्ट्रको हाराहारीमा पुर्याउनको लागि धेरै कार्यक्रमहरुलाई अधिल्लो वर्षको निरन्तर दिएको छ । सम्पूर्ण जनसंख्याको ५१.५ प्रतिशत संख्या रहेका महिला तथा सिमान्तिकृत समुदायको आर्थिक तथा सामाजिक विकास हुने गरी बजेट बाँडफाँट गर्न सकेको खासै पाइदैन । विगतमा पनि एसियाली मापदण्डमा मुलुकलाई एक्कइसौं शताब्दी शुरुवात हुन अगावै पु¥याइने लक्ष्य राखिएको भए पनि मुलुकका महिला तथा सिमान्तिकृत समुदायको हकहितलाई ख्याल नगरी योजना निर्माण गर्नाले यस्ता महत्वकांक्षी योजना तुहिएका उदाहरणहरु प्रसस्तै छन् । वजेट मार्फत सम्वोधन गरिएका गतिविधिहरुलाई आकर्षक नाराको रुपमा मात्र नराखी कार्यान्वयनको लागि दृढ हुनु आवश्यकरहेको देखिन्छ । जसले लैङ्गिक समानता र सामाजिक न्याय सहितको आर्थिक सशक्तिकरणले मात्र नेपाली जनताको सम्बृद्ध जीवनको परिकल्पना गर्दै बिकासशील राष्ट्रको सूचिमा समाबेश गर्न सहयोग पुग्नेछ ।

बजेटले महिला माथिहुने हिंसाको अन्त्य, राजनितिक सशक्तिकरण, लैङ्गिक बजेट र महिला सशक्तिकरणका बिषयलाई प्राथमिकतामा राख्नु सकारात्मक रहेको छ । विगत वर्षहरुमा घोषणा गरेका नीति कार्यक्रमहरु कागजी रुपमा राम्रा देखिए पनि कार्यन्वयन पक्ष फितलो रहने गरेको छ । यस सन्दर्भमा, बिगतका कमी कमजोरी सच्याउदै सरकारी नीति तथा कार्यक्रमको प्रभाबकारी कार्यान्वयनका माध्यमले जनसंख्याको आधा हिस्सा ओगट्ने नेपाली महिलाका मुद्धाहरुको सम्बोधन गर्नु आजको आवश्यकता हो । जसले आर्थिक सम्बृद्धिको आधारशिला तयार गरी राज्यका हरेक निकायमा महिलाको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दछ । दिगो विकास लक्ष्यले तय गरेका

| | |
|---|---|
| सहस्राब्दी लक्ष्य बाट सन् २०३० सम्ममा नेपाललाई विकासशिल राष्ट्रको रुपमा पुर्याउनको लागि लक्ष्यमा आधारित महिलाका सावालहरुलाई प्राथमिकतामा राख्दै वार्षिक परियोजनाहरु तयार गरी सोही अनुरुप कार्यान्वयन गर्दै गएमात्र विकासका लक्ष प्राप्त हुने र मुलुकलाई विकासोन्मुख राष्ट्रबाट विकसित राष्ट्रको रुपमा पुग्न मद्दत गर्दछ । | |
| **सम्पादक मण्डल**<br><br>**सल्लाहकारः शर्मिला कार्की**<br>**संयोजनः मीना विष्ट**<br>**संपादनः दिपक बस्याल**<br>**लेखनः अहिल्या अधिकारी**<br>**डिजाइनः राजिब श्रेष्ठ** | **जागरण नेपाल**<br><br>**फोन : ०१-४२१९४३९,**<br>**फ्याक्स : ०१-४२४७२९७**<br>**पो.व.नं : १९४८७**<br>**सिद्धार्थ मार्ग, अनामनगर**<br>**ईमेल : info@jagarannepal.org**<br>**वेवसाइट : www.jagarannepal.org** |